Regd. No.: 1746/060/061 (Lalitpur)
SWC Regd. No.: 16962

नेपाल विकास अनुसन्धान प्रतिष्ठान
Nepal Development Research Institute
NDRI

Ref. No. 398/2082-83

३० चैत्र, २०८२

**प्रेस विज्ञप्ति**

**जचुकाली पुन: सञ्चालन नगर्न सरकारसँग आग्रह**

काठमाडौं, नेपाल – नेपाल विकास अनुसन्धान प्रतिष्ठान (NDRI) सरकारले जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकाली) लाई पुन: सञ्चालन गर्ने सम्भावित निर्णयप्रति गम्भीर चिन्ता व्यक्त गर्दै उक्त निर्णय नगर्न आग्रह गरेको छ ।

हाल नेपाल सरकारले लामो समयदेखि बन्द अवस्थामा रहेका सरकारी उद्योगहरु सार्वजनिक-निजी साझेदारी (PPP) मोडेलमार्फत पुन: सञ्चालन गर्ने तयारी गरिरहेको सन्दर्भमा जचुकालीलाई पनि सो सूचीमा समावेश गरिएको भन्ने सूचनाप्रति NDRI को ध्यानाकर्षण भएको छ ।

जचुकाली ऐतिहासिक रूपमा महत्वपूर्ण उद्योग भए तापनि यसको पुन: सञ्चालनले जनस्वास्थ्यमा गम्भीर नकारात्मक प्रभाव पार्ने स्पष्ट देखिन्छ । नेपालमा सुर्तीजन्य पदार्थको खपत उच्च रहेको छ, र यसबाट उत्पन्न रोगका कारण हरेक वर्ष करिब ३९,२०० जनाको मृत्यु हुने गरेको तथ्यांकले देखाउँछ। साथै, यस्ता रोगहरूको उपचारमा राज्यले वार्षिक करिब ४५ अर्ब रुपैयाँ खर्च गर्नुपरेको अनुमान गरिएको छ ।

यद्यपि, सुर्तीजन्य पदार्थबाट प्राप्त राजस्व करिब ३५ अर्ब रुपैयाँ मात्र रहेको छ, जसले स्वास्थ्य क्षेत्रमा परेको आर्थिक भारलाई समेत पूर्ति गर्न सक्दैन। यस्तो अवस्थामा केवल राजस्व र रोजगारी सिर्जनाको आधारमा जचुकाली पुनर्जीवित गर्नु आर्थिक तथा सामाजिक दृष्टिले पनि अविवेकी निर्णय हुनेछ ।

विश्व स्वास्थ्य संगठनले सुर्तीजन्य पदार्थमा कम्तीमा ७५ प्रतिशत कर लगाउन सिफारिस गरेको भए पनि नेपालमा हाल करदर ४० प्रतिशतभन्दा कम रहेको छ, जुन दक्षिण एशियामै न्यूनमध्ये पर्छ।

NDRI ले सरकारलाई विद्यमान सुर्ती उद्योगहरूलाई कडाइका साथ नियमन गर्न, करदर वृद्धि गर्न, र सुर्तीजन्य पदार्थ नियन्त्रण ऐन २०६८ को प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आग्रह गर्दछ । साथै, "संस्थागत सामाजिक उत्तरदायित्व" (CSR) को नाममा हुने प्रभाव विस्तारका गतिविधिहरू रोक्न पनि जोड दिइएको छ, किनकि ऐनले यस्ता गतिविधिहरू निषेध गरेको छ ।

नेपालजस्तो युवा जनसंख्या बढी भएको मुलुकले जनसांख्यिक लाभ लिनुपर्ने सन्दर्भमा धूम्रपानजस्ता लत प्रवर्द्धन गर्ने उद्योगलाई पुनर्जीवित गर्नु दीर्घकालीन रूपमा हानिकारक हुनेछ ।

Sanepa, Lalitpur, P.O. Box: 8975, EPC 2201, Kathmandu Nepal, Tel: +977-1-5454975, 5437362
Email: info@ndri.org.np, Web: http://www.ndri.org.np

NDRI का अनुसार, रोजगारी सिर्जना र आर्थिक विकासका लागि जडिबुटी, वन पैदावर तथा अन्य स्वास्थ्यप्रद र निर्यातमुखी उद्योगहरूलाई प्राथमिकता दिनु आवश्यक छ ।

**"जनकपुर चुरोट कारखाना जस्तो विगतमा असफल र जनस्वास्थ्यका लागि हानिकारक उद्योगलाई पुनर्जीवित गर्नुको सट्टा, स्वस्थ र दिगो विकासतर्फ उन्मुख नीतिहरू अवलम्बन गर्न सरकारलाई आग्रह गर्दछौं," विज्ञप्तिमा उल्लेख गरिएको छ ।**

थप जानकारीका लागिः

डा.जय कुमार गुरुङ, टोव्याको कार्यक्रम संयोजक सम्पर्कः ९८५११०१६७५, ईमेलः jaya@ndri.org.np

धन्यवाद ।

...........................................................

डा. शिखा थापा मगर,

कार्यकारी निर्देशक, ९८४१७५१०७१